# नेपाल राष्ट्र बैंक
## सामान्य सेवा विभाग
## एयर कन्डिसनर खरिद तथा जडानको लागि आह्वान गरिएको
### बोलपत्र नं. : सासेवि/निर्माण/०२/०७३/०७४ मा संशोधन बारेको सूचना

बालुवाटार परिसरमा नवनिर्मित २ तले भवनमा एयर कन्डिसनर खरिद तथा जडान सम्बन्धी कार्य गराउने सम्बन्धमा मिति २०७३/०९/१९ मा आह्वान गरिएको सिलबन्दी बोलपत्रको सूचना बमोजिम मिति २०७३/१०/१० गते बोलपत्र पेश गर्नु पूर्वको बैठक (प्रि बिड मिटिङ्ग)मा छलफल गरिए लगायतका देहाय बमोजिमका विषयमा मिति २०७३/१०/१३ गते बसेको मूल्याङ्कन समितिको बैठकको निर्णयानुसार उक्त कार्यको लागि स्वीकृत बोलपत्र सम्बन्धी कागजातमा निम्न बमोजिमको संशोधन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

१. बोलपत्रको शर्त नं. ७.२ मा "अग्रिम वा आंशिक भुक्तानी गरिने छैन ।" भन्ने व्यवस्था रहेकोमा आंशिक भुक्तानी सम्बन्धी व्यवस्था यथावत् राख्ने तथा पेश्की प्रदान गर्ने सम्बन्धमा संसोधन गरी देहाय बमोजिमको व्यवस्था थप गरिएको ।

   क. कुल खरिद सम्झौता रकमको मूल्य अभिवृद्धि कर बाहेक बीस प्रतिशतसम्म पेश्की प्रदान गर्न सकिनेछ । पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुनेछ ।

   ख. पेश्की लिनका लागि आपूर्तिकर्ता/व्यवसायीले त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा यस बैंकले अनुरोध गरेपछि भुक्तानी गर्नेगरी इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाबाट जारी भएको सम्झौता अवधि भन्दा कम्तिमा एक महिना बढि अवधि भएको जमानत पेश गर्नु पर्नेछ ।

   ग. यसरी दिएको पेश्की रकम खरिद सम्झौतामा उल्लेख भए बमोजिम बिल भुक्तानी गर्दा कट्टा गरिनेछ ।

   घ. आपुर्तिकर्ता/व्यवसायीले खरिद सम्झौता बमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फर्छ्यौट हुन नसकेमा बैंकले जमानतको रकम सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट प्राप्त गरी पेश्की रकम र वार्षिक दश प्रतिशत ब्याज समेत असुलउपर गर्नेछ । पेश्की सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ (संशोधन समेत) बमोजिम हुनेछ ।

२. एक फर्म/कम्पनी/संस्थाले एकमात्र बोलपत्र पेश गर्न सक्ने र उक्त बोलपत्रमा एउटा ब्राण्डको एयर कन्डिसनर मात्र प्रस्ताव गर्न सक्ने व्यवस्था स्पष्ट गरिएको ।

३. बोलपत्रको शर्त नं. ३.२(घ) मा साबिकको व्यवस्थामा संशोधन गरी बोलपत्र फारामका साथ "आ.व.२०७२/७३ को सम्बन्धित राजस्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि" पेश गर्नु पर्ने व्यवस्था कायम गरी सोहि बमोजिम पूर्णताको परीक्षण फारमको बुँदा नं.११ संशोधन गरिएको ।